आज मिति २०७८/०२/२३ गते आइतवारका दिन जिल्ला समन्वय समिति, लमजुङका प्रमुख श्री लोकराज पाण्डेको अध्यक्षतामा सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (संशोधित) को दफा १५ मा व्यवस्था भए बमोजिम र केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/०३/०५ को बाधा अडकाउ फुकाउ सम्बन्धी निर्णयानुसार सुरक्षित नागरिक आवास समन्वय समितिको दोस्रो वैठक बसी तपसिल अनुसारका महानुभावहरुको उपस्थितिमा तपसिल बमोजिमको प्रस्तावहरुमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

प्रमुख, श्री लोकराज पाण्डे, जिल्ला समन्वय समिति, लमजुङ ........................................... अध्यक्ष

प्रमुख, श्री गुमान सिंह अर्याल, वेशीसहर नगरपालिका, लमजुङ ........................................ सदस्य

प्रमुख, श्री जनकराज मिश्र, सुन्दरबजार नगरपालिका, लमजुङ ........................................ सदस्य

प्रमुख, श्री सिंह बहादुर थापा, राइनास नगरपालिका, लमजुङ ........................................... सदस्य

प्रमुख, श्री रमेश कुमार पाण्डे, मध्येनेपाल नगरपालिका, लमजुङ ....................................... सदस्य

अध्यक्ष, श्री ओम बहादुर गुरुङ, दोर्दी गाउँपालिका, लमजुङ ............................................. सदस्य

ईन्जिनियर, श्री गोपी चन्द्र आचार्य, संघीय आयोजना कार्यान्वयन इकाई कास्की........... सदस्य सचिव

आमन्त्रित सदस्यहरु

१. श्री तुलसी प्रसाद अधिकारी जिल्ला समन्वय अधिकारी
२. प्र.प.अ. श्री दिवाकर पौडेल सुन्दरबजार नगरपालिका, लमजुङ
३. प्र.प.अ. समशेर गुरुङ, दोर्दी गाउँपालिका, लमजु
४. प्रशासन अधिकृत श्री ऋषिराम पौडेल सुन्दरबजार नगरपालिका लमजुङ
५. प्रशासन अधिकृत श्री अर्जुन चापागाई मर्स्याङ्दी गाउँपालिका लमजुङ
६. सव-ई.श्री ठाकुर प्रसाद घिमिरे, मध्येनेपाल नगरपालिका, लमजुङ
७. सव-ई. श्री सागर पोखरेल संघीय आयोजना कार्यान्वयन इकाई कास्की
८. क.अ. रविचन्द्र श्रेष्ठ संघीय आयोजना कार्यान्वयन इकाई कास्की

प्रस्तावहरु :

१. स्थानीय तहबाट प्राप्त प्रमाणित सर्भेक्षण फारामको आधारमा मूल्याङ्कन भए बमोजिम लाभग्राही छनौट गर्ने सम्बन्धमा ।
२. छनौट भएका लाभग्राहीहरुसँग यथासंभव सिघ्र सम्झौता गरी कार्यविधि बमोजिम पहिलो किस्ता वापतको रकम उपलब्ध गराउने सम्बन्धमा ।
३. विविध

निर्णयहरु

१. प्रस्ताव नं. १ मा छलफल हुँदा यस समितिको मिति २०७७/०९/२१ गते बसेको बैठकको निर्णयानुसार चालु आ.व. ०७७/७८ को कार्यक्रम सञ्चालनको लागि लमजुङ जिल्ला, प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.१ को निम्न नगरपालिका र गाँउपालिकामा स्वीकृत आवास इकाई संख्याको परिधिमा रही "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को दफा ३ र ४ बमोजिम सूचना प्रकाशन भई प्राप्त निवेदनहरुको आधारमा सम्बन्धित गाउँपालिकाहरुबाट सर्भेक्षण भई संघीय आयोजना कार्यान्वयन इकाई, कास्कीमा प्राप्त प्रमाणित सर्भेक्षण फाराममा उल्लेखित विवरणको आधारमा सम्बन्धित स्थानीय तह अन्तर्गतका वडागत लाभग्राही संख्या समेतलाई मध्यनजर गरी अनुसूची-१ बमोजिम मूल्याङ्कन गरी लाभग्राही छनौटको लागि यसै साथ संलग्न प्राथमिकता सूची तयार गरी यस समितिको वैठकमा अनुमोदनको लागि पेश भएको प्राथमिकता क्रम सहितको सूचिमा उल्लेखित लक्षित वर्ग वा परिवारहरुलाई लाभग्राही छनौट गर्ने

| क्र.सं. | जिल्ला तथा निर्वाचन क्षेत्र | स्थानीय तहको नाम | स्वीकृत आवास संख्या | छनौट भएका संख्या | बैकल्पिक लाभग्राही संख्या |
|---|---|---|---|---|---|
| १ | लमजुङ, १ | वेशीसहर नगरपालिका | १४२ | १४२ | २ |
| २ | ,, | सुन्दरबजार नगरपालिका | १६० | १६० | १०० |
| ३ | ,, | राइनास नगरपालिका | ९३ | ६० | |
| ४ | ,, | मध्येनेपाल नगरपालिका | १८९ | १८९ | |
| ५ | ,, | दोर्दी गाउँपालिका | ९९ | ९६ | |
| ६ | ,, | मर्स्याङ्दी गाउँपालिका | | ४ | परिवर्तन |

२. सर्भेक्षणको क्रममा देखिएका केही पुराना तथा जिर्ण जस्तापातालाई ढुंगाले थिचेर छाना बनाई पानी तथा हुरीबाट सहजै प्रभावित हुने असुरक्षित घर परिवारलाई र सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम गरिवीको रेखामुनि रही आफैले सुरक्षित आवास निर्माण गर्न चाहेका घरपरिवारलाई समेत यस कार्यक्रमको लाभग्राही सूचिमा समावेश गर्ने ।

३. उक्त कार्यवधिको दफा ५ बमोजिम छनौट भएका लाभग्राहीसँग अनुसूची-२ बमोजिमको ढाँचामा यथासंभव सिघ्र दोहरो सुविधा लिए/नलिएको समेत एकिन गरी अनुदान सम्झौता गरी बैंक खाता खोल्न लगाई पहिलो किस्ता वापतको रकम सम्बन्धित लाभग्राहीको वैंक खातामा उपलब्ध गराउने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउने । साथै सम्झौता भएका लाभग्राहीहरुको विवरण यथासंभव सिघ्र संघीय आयोजना कार्यान्वयन इकाई कास्कीमा उपलब्ध गराउने

४. यस समितिको मिति २०७८/०१/१९ को निर्णयानुसार छनौट भएका मस्याङ्दी गाउपालिका अन्तर्गतका रेशमलाल तामाङ, लालु घले, डिल बहादुर घले र पदम घलेको अन्य सरकारी सुविधाबाट घर निर्माण भएकोले निजहरुको सट्टामा लटेक कामी, पदम माया बोगटे, मधु बहादुर तामाङ र लालु माया सार्की लाई छनौट गर्ने ।

५. कार्यविधिको दफा १५ अनुसार सुरक्षित नागरिक समन्वय समितिका पदाधिकारीहरुबाट सुरक्षित नागरिक आवास निर्माण कार्यको समय समयमा संयुक्त रुपमा अनुगमन वा निरीक्षण गर्ने निर्णय गरियो ।